# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्धारा प्रकाशित

खण्ड ९) कटुञ्जे, भक्तपुर, असार १९ गते, २०८२ साल (संख्या २

# भाग १

## स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

**कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल**

सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए मोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालको ऐन नं. २

## सूर्यविनायक नगरपालिकाको केहि ऐन संशोधन गर्ने सम्बन्धी ऐन, २०८२

# **सूर्यविनायक नगरपालिकाका केही ऐन संशोधन गर्ने सम्बन्धी ऐन, २०८२**

**प्रस्तावना:** प्रचलित सूर्यविनायक नगरपालिकाको मौजुदा ऐनहरुमा समसामयिक सुधार गर्न केही सूर्यविनायक नगरपालिकाको ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सूर्यविनायक नगर सभाको १८औं अधिवेशनको मिति २०८२ असार ९ गतेको दोस्रो बैठकबाट स्वीकृत गरी नगर सभाले यो बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सूर्यविनायक नगरपालिकाका केही ऐन संशोधन गर्ने सम्बन्धी ऐन,२०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भए लगत्तै प्रारम्भ हुनेछ।

२. **सूर्यविनायक नगरपालिका अस्पतालको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७७ मा संशोधन:** सूर्यविनायक नगरपालिका अस्पतालको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७७को दफा ४ को उपदफा १ मा "सूर्यविनायक नगरपालिका अस्पताल कार्यालय कार्यकारी निर्देशकको हुनेछ" भन्ने शब्दहरुको सट्टा "सूर्यविनायक नगरपालिका प्रमुख प्रशासकीय अधिकृतको हुनेछ" भन्ने शव्दहरु राखिएका छन्।

३. **उपभोक्ता हकहित संरक्षण ऐन २०७८ मा संसोधन:** उपभोक्ता हकहित संरक्षण ऐन २०७८ को

(१) दफा २ को खण्ड (प) पछि देहायको खण्ड (फ) थपिएको छ।

"(फ) व्यवसायः वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने औद्योगिक फर्म कम्पनी र वस्तु खरीद विकी गर्ने व्यापारीक फर्म कम्पनीलाई समग्र रुपमा व्यवसाय समझनु पर्छ ।"

(२) दफा ९ मा रहेको "उद्योग/फर्म/पसल" भन्ने शब्दहरु झिकिएको छ ।

४. **<u>सूर्यविनायक नगर अस्पताल सन्चालन तथा व्यवस्थापन ऐन, २०७७ मा संशोधन</u> :** सूर्यविनायक नगर अस्पताल सन्चालन तथा व्यवस्थापन ऐन, २०७७ को;

(१) दफा २ को उपदफा २ मा रहेको "यसले नगरपालिकाको छाप प्रयोग गर्ने" भन्ने शव्दहरुको सट्टा "नगरपालिका वाट स्वीकृत आफ्नो छुट्टै छाप प्रयोग गर्ने" भन्ने शव्दहरु राखिएका छन्।

(२) दफा ३ को उपदफा २ को खण्ड (घ) मा रहेको "स्वास्थ्य शाखा प्रमुख" भन्ने शव्दहरुको सट्टा "कार्यकारी निर्देशक सूर्यविनायक नगर अस्पताल" भन्ने शव्दहरु राखिएका छन्।

(३) दफा ३ को उपदफा २ को खण्ड (छ) मा रहेको " प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरकार्यपालिकाको अधिकृतस्तरको कर्मचारी "भन्ने शव्दहरुको सट्टा " स्वास्थ्य शाखा प्रमुख " भन्ने शव्दहरु राखिएका छन्।

(४) दफा ३ को उपदफा २ को खण्ड (ज) मा रहेको "कार्यकारी निर्देशक, सूर्यविनायक नगरपालिका अस्पताल" भन्ने शव्दहरुको सट्टा

"अस्पतालको प्रशासन शाखा प्रमुख" भन्ने शव्दहरु राखिएका छन्।

(५) दफा ५ को उपदफा ८ मा रहेको "पर्यवेक्षकको रुपमा" भन्ने शव्द झिकिएको छ।

५. **सूर्यविनायक नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन ऐन २०७९ मा संशोधन:** सूर्यविनायक नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन ऐन २०७९को

(१) दफा २ को खण्ड (ज) मा "संविधानको धारा" भन्ने शव्दहरुको पछि "२४२" भन्ने शव्दहरु राखिएका छन्।

६. **सूर्यविनायक नगर खेलकुद विकास ऐन, २०८० मा संशोधन:** सूर्यविनायक नगर खेलकुद विकास ऐन, २०८०को

(१) दफा ३ को उपदफा १ को खण्ड (च) मा रहेको "प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत स्तरको कर्मचारी" भन्ने शव्दहरुको सट्टामा "नगर कार्यपालिकाले तोकेको खेलकुदको क्षेत्रमा कृयाशिल व्यक्ति" भन्ने शव्दहरु राखिएका छन्।

(२) दफा २ को उपदफा (२) को "(ङ)" शब्द पछि "(च)" भन्ने शब्द थपिएका छन् ।

(३) दफा ५ को उपदफा १ पछि उपदफा "(२) समितिको काम कर्तव्य र अधिकार मध्ये आवश्यकता अनुसार समितिबाट नर्णय गराई सदस्य सचिवलाई अधिकार प्रत्यायोजन गर्न सक्ने अधिकार अध्यक्षको हुनेछ।" भन्ने शव्दहरु राखिएका छन्।

(४) दफा २६ को "सुविधा" शब्द पछाडि उपदफा जनाउने "(१)" थप गरिएका छन् ।

(५) दफा २६ को उपदफा (१) पछि उपदफा "(२) समितिको बैठक महिनाको एक पटक बस्न सक्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा २६ को उपदफा (२) पछि उपदफा "(३) समितिको सदस्य सचिवको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।" भन्ने शब्दहरु राखिएका छन् ।

**७. <u>संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८१ मा संशोधनः</u>**

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८१ को

(१) महाशाखा/शाखागत विवरण मा रहेको "श्रम, रोजगार तथा पर्यटन प्रर्वद्धन शाखा" भन्ने शव्दहरुको सट्टा "श्रम, रोजगार, संस्कृति तथा पर्यटन प्रर्वद्धन शाखा" भन्ने शव्दहरु राखिएका छन् ।

(२) अनूसूची ६ को सूर्यविनायक नगरपालिकाको प्रस्तावित दर्वन्दी तेरिज भन्ने तालिकाको क्र.सं. ३० को तह/श्रेणीमा "५/६ औ" को सट्टामा "४/५ औं" कायम गरी कायम दरबन्दीमा "१" भन्ने अंकको सट्टामा "७" भन्ने अंक राखिएका छन्।

(३) अनूसूची ६ को नगर प्रहरी तर्फ (अस्थायी दरवन्दी) भन्ने तालिकामा क्रम संख्या ३ को कायम दरबन्दीमा "१५" भन्ने अंकको सट्टामा "८" भन्ने अंक राखिएका छन्।

(४) अनूसूची ६ को नगर प्रहरी तर्फ (अस्थायी दरवन्दी) तालिकाको सट्टा देहायको तालिका राखिएका छन् ।

| क्र सं | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरवन्दी | थप | घट | कायम दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक/ नगर प्रहरी उपरीक्षक | ७/८ औं | विविध | | | ० | १ | ० | १ |
| २ | नगर प्रहरी नायब निरीक्षक | ५/६ औं | विविध | | | ० | १ | ० | १ |
| ३ | नगर प्रहरी सहायक निरीक्षक | चौथो | विविध | | | ० | १ | ० | १ |
| ४ | नगर प्रहरी हवलदार | श्रेणी विहिन | विविध | | | ० | ५ | ० | ५ |
| ५ | नगर प्रहरी जवान | श्रेणी विहिन | | | | ० | १४ | ० | १४ |
| ६ | नगर प्रहरी ड्राइभर | | विविध | | | ० | १ | ० | १ |
| **जम्मा** | | | | | | ० | २३ | ० | २३ |

(५) अनूसूची ६ को प्रस्तावित स्वास्थ्य चौकी-२ वटा (हालको नगर स्वास्थ्य केन्द्र: एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुरुप प्रस्तावित थप दुइवटै स्वास्थ्य चौकीको लागि कायम दरवन्दी) भन्ने तालिका पछि देहायको तालिका

"नगर स्वास्थ्य केन्द्र (दुइवटा)

| क्र सं | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | थप | घट | कायम दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हे अ | ४/५/६औ | स्वास्थ्य | हे ई | | ० | २ | ० | २ |
| २ | अ.न.मी | ४/५/६औ | स्वास्थ्य | ज न | | ० | २ | ० | २ |
| ३ | का स | श्रेणीविहिन | प्रशासन | सा प्र | | ० | २ | ० | २ |

" थप गरिएको छ।

(६) अनुसूचीमा रहेको शाखागत जिम्मेवारीहरुमा देहाय बमोजिम संशोधन गरिएको छ ।

| क्र.सं. | जिम्मेवारीको व्यहोरा | साविकमा तोकिएको शाखाको नाम (क्र.सं.) | हाल संशोधन गरी जिम्मेवारी तोकिएको शाखाको नाम |
|---|---|---|---|
| १ | स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु | प्रशासन शाखा | *हटाइएको* |
| २ | तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड र योजना बनाउने | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| ३. | तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड र | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |

| | | | |
|---|---|---|---|
| | योजना बनाउने । | | |
| ४. | स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखीकरण तथा वितरण सम्बन्धी कार्य गर्ने । | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| ५. | आधारभूत तथ्यांक संकलन र व्यवस्थापन जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख व्यवस्थापन गर्ने। | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| ६. | कार्यालयसँग सम्बन्धित सबै किसिमका तथ्यांकहरुको एकीकरण तथा वितरणको व्यवस्थापन गर्ने । | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| ७. | प्रदेश तथा संघसँग तथ्यांक | सूचना प्रविधि शाखा | नीति, योजना तथा |

| | | | |
|---|---|---|---|
| | एवं सूचना आदानप्रदान र समन्वय गर्ने । | | अनुगमन शाखा |
| ८ | सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख )प्रोफाईल (व्यवस्थापन गर्ने । | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| ९ | सूचना प्रकाशन, बुलेटिन, ब्रोसर तथा अन्य सूचना तथा जानकारी मुलक सामाग्रीहरु प्रकाशन गर्ने | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| १० | कार्यालयबाट गरिने निर्णय, नीति तथा कार्यक्रम, योजना, तत्थ्याङ्क, कार्य प्रगति विवरण, बुलेटिन, ब्रोसर, नागरिक बडापत्र तथा अन्य त्यस्ता जानकारी दिने सूचना मूलक प्रकाशनहरु यस शाखाबाट गर्ने । | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| ११ | योजना तर्जुमा, अनुगमन र मूल्याकंनका लागि आवश्यक सूचना संकलन, विश्लेषण प्रकाशन र वितरण गर्ने। | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| १२ | यस शाखाले नगरको वस्तुगत विवरण, क्षेत्रगत | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |

| | | | |
|---|---|---|---|
| | विश्लेषण प्रतिवेदन, वित्तिय विश्लेषण, संस्थागत प्रतिवेदन विकास बुलेटिन, नगर समाचार, ब्रोसरहरुको प्रकाशन लगायत सोको अद्यावधिक गर्ने र सरोकारवालाहरुलाई उपलब्ध गराउने । | | |
| १३ | सरोकारवालाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक तत्थ्याङ्क संकलन गरी प्रशोधन गर्ने विभिन्न विषयगत कार्यालय, सरकारी तथा गै.स.स.हरुबाट प्राप्त हुने तत्थ्यांकहरुलाई समेत व्यवस्थित गरी प्रयोगमा ल्याउने । | सूचना प्रविधि शाखा | नीति, योजना तथा अनुगमन शाखा |
| १४ | वेरुजु स्थिति, प्रशासनिक खर्च, पूँजीगत निर्माण अनुपात आन्तरिक स्रोत आदिको विश्लेषण सहितको प्रतिवेदन तयार पार्ने । | सूचना प्रविधि शाखा | आन्तरिक लेखा परीक्षण शाखा |
| १५ | आर्थिक नियमितता तथा कार्य सम्पादन स्थिति झल्किने गरी तुलनात्मक | सूचना प्रविधि शाखा | आर्थिक प्रशासन शाखा |

| | | | |
|---|---|---|---|
| | विवरण नियमित रुपमा प्रकाशित गर्ने | | |
| १६ | शाखालाई सक्षम र दिगो बनाउन आवश्यकता अनुसार दक्ष परामर्शदाताको सहयोग लिने । | सूचना प्रविधि शाखा | *हटाइएको* |
| १७ | विविन्न शाखा तथा वडा कार्यालय र स्वास्थ्य संस्था, नगर अस्पतालाई आवश्यक सहयोग एवं सुरक्षा गर्ने। | *नयाँ थपिएको* | नगर प्रहरी बल |
| १८ | टोल विकास संस्था, अन्य सामुदायिक संस्था, समुह तथा संघ संघ संस्थाहरुको दर्ता, नवीकरण, खारेजी तथा नियमन सम्बन्धी कार्य गर्ने। | *नयाँ थपिएको* | सहकारी तथा संघ संस्था समन्वय शाखा |
| १९ | ख ानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यवस्थापन गर्ने । | उद्यम, व्यवसाय प्रवर्द्धन तथा उपभोक्ता हकहित संरक्षण शाखा | पूर्वाधार शाखा |
| २० | स्थानीय परम्परा, रितिरिवाज, भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्धन र विकास सम्बन्धी कार्य । | *नयाँ थपिएको* | श्रम, रोजगार, संस्कृति तथा पर्यटन प्रवर्द्धन शाखामा |
| २१ | सामाजिक विकाससंग | *नयाँ थपिएको* | सामाजिक विकास |

| | | | |
|---|---|---|---|
| | सम्बन्धित अन्य विषय क्षेत्र, शाखा, उपशाखा, इकाई वा केन्द्रको नीत, योजना, कार्यक्रम, तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनका लागि सहजीकरण एवं मार्गनिर्देश गर्ने। | | महाशाखा |

(७) केहि शाखाहरुको नाम देहाय बमोजिम संशोधन गरी कायम गरिएको छ ।

| शाखाको साविकको नाम | शाखाको संशोधित नाम |
|---|---|
| श्रम, रोजगार तथा पर्यटन प्रवर्द्धन शाखा | श्रम, रोजगार, संस्कृति तथा पर्यटन प्रवर्द्धन शाखा |
| लैङ्गिक विकास तथा सामाजिक समावेशीकरण शाखा | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा |
| सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन शाखा | सूचना प्रविधि शाखा |

८. **उद्योग व्यवसाय दर्ता तथा सञ्चालन ऐन,२०७९ मा संशोधन:**

उद्योग व्यवसाय दर्ता तथा सञ्चालन ऐन,२०७९ को

(१) दफा ८ को उपदफा १ मा " असोज" भन्ने शव्दहरुको सट्टा "पुस" भन्ने शव्दहरु राखिएका छन्।

(२) दफा २३ को उपदफा १ को खण्ड (क) को १ मा "पाँच लाख " भन्ने शव्दहरुको सट्टा "बिस लाख" भन्ने शव्दहरु राखिएका छन्।

(३) दफा २३ को उपदफा १ को खण्ड (क) को ४ मा "पचास लाख " भन्ने शव्दहरुको सट्टा "एक करोड" भन्ने शव्दहरु राखिएका छन्।

(४) दफा २३ को उपदफा १ को खण्ड (ख) को ४ मा "चालिस " भन्ने शव्दहरुको सट्टा "पचास" भन्ने शव्दहरु राखिएका छन्।

(५) दफा २३ को उपदफा १ को खण्ड (ग) मा "दश करोड " भन्ने शव्दहरुको सट्टा "पन्ध्र करोड" भन्ने शव्दहरु राखिएका छन्।

(६) दफा २३ को उपदफा १ को खण्ड (घ) मा "दश करोड " भन्ने शव्दहरुको सट्टा "पन्ध्र करोड" भन्ने शव्दहरु राखिएका छन्।

(७) दफा २३ को उपदफा १ को खण्ड (घ) मा "पच्चिस करोड " भन्ने शव्दहरुको सट्टा "पचास करोड" भन्ने शव्दहरु राखिएका छन्।

(८) दफा २३ को उपदफा १ को खण्ड (ङ) मा "पच्चिस करोड " भन्ने शव्दहरुको सट्टा "पचास करोड" भन्ने शव्दहरु राखिएका छन्।

(९) दफा २४ को उपदफा २ मा "रु एक हजार " भन्ने शव्दहरुको सट्टा "आर्थिक ऐन बमोजिम" भन्ने शव्दहरु राखिएका छन्।

(१०) दफा २५ को खण्ड (ञ) मा " आर्थिक विकास महाशाखा प्रमुख " भन्ने शव्दहरुको सट्टा

" उद्यम व्यवसाय प्रर्वद्धन उपाभोक्ता हित संरक्षण शाखा प्रमुख" भन्ने शव्दहरु राखिएका छन्।

(११) दफा २७ को उपदफा १ हटाइएको छ।

(१२) अनुसुची १ मा क्रम संख्या १७ पछि "१८.उद्योग, व्यवसायको किसिम/प्रकृति:" र "१९.उद्योग व्यवसायको कुल पुँजी:" राखिएका छन्।

(१३) अनुसुची ३ मा क्रम संख्या ९ पछि "१०.उद्योग, व्यवसायको किसिम:", "११.कारोवार गर्ने चिज वस्तु: " र "१२.उद्योग, व्यवसायको कुल पुँजी:" राखिएका छन्।

(१४) अनुसुची ५ मा क्रम संख्या १९ पछि "२०.उद्योग, व्यवसायको किसिम/प्रकृति:" र "२१.उद्योग व्यवसायको कुल पुँजी:" राखिएका छन्।

(१५) अनुसुची ६ मा क्रम संख्या १४ पछि "१५.उद्योग, व्यवसायको किसिम/प्रकृति:" र "१६.उद्योग व्यवसायको कुल पुँजी:" राखिएका छन्।

(१६) अनुसुची ७ मा क्रम संख्या १० पछि "११.उद्योग, व्यवसायको किसिम/प्रकृति:" र "१२ उद्योग व्यवसायको कुल पुँजी:" राखिएका छन्।

९. **सूर्यविनायक नगरपालिको राजश्व ऐन, २०७६ मा संशोधन:**

सूर्यविनायक नगरपालिको राजश्व ऐन, २०७६ को

(१) दफा ५ को उपदफा ४ मा "साथै यस्ता करदाताले सिधै नगरकार्यपालिकाको

कार्यलयमा समेत यस्तो विवरण पेश गरी कर दाखिला गर्न सक्ने छ। " भन्ने शव्दहरु झिकिएका छन्।

(२) दफा ९ उपदफा २ झिकिएको छ ।

(३) दफा ९ उपदफा ३ झिकिएको छ ।

(४) दफा ९० उपदफा ६ मा "स्विकृत" भन्ने शव्द झिकिएको छ।

१०. **<u>न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५ मा संशोधन:</u>**

न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५को

(१) दफा २ को खण्ड (च) मा "तायदात" भन्ने शव्दको सट्टा "तायदाती" भन्ने शव्द राखिएको छ।

(२) दफा २ को खण्ड (म) पछि "(य)उजुरी प्रशासक भन्नाले इजलास अधिकृत वा कानुन शाखाको जिम्मेवारी तोकिएको अधिकृत स्तरको कर्मचारी सम्झनुपर्नेछ ।"

(३) दफा ६ को खण्ड (क) मा भएको "स्थानीय ऐनको दफा ४७ अन्तर्गतको उजुरी " भन्ने शव्दहरुको सट्टामा " स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र सोही ऐनको दफा ४७ को उपदफा २ अन्तर्गत पर्ने विवाद " भन्ने शव्दहरु राखिएका छन्।

(४) दफा २० को उपदफा १ मा "बढीमा दुई दिन भित्र" भन्ने शव्दहरुको सट्टामा " बढीमा तिन दिन भित्र" भन्ने शव्दहरु राखिएका छन्।

(५) दफा २० को उपदफा १ मा " वडा कार्यालयमा प्राप्त हुन आएको म्याद वडा कार्यालयले बढीमा ३ (तीन दिन भित्र) म्याद तामेल गरी तामेलीको व्यहोरा खुलाई न्यायिक समितिमा पठाउनु पर्नेछ । " भन्ने शव्दहरु राखिएका छन्।

(६) दफा २८ मा "सोही दिन" भन्ने शव्दहरु पछि "थप प्रमाण" भन्ने शव्दहरु राखिएका छन्।

(७) दफा ५३ को उपदफा १ मा " समितिले प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने जुनसुकै उजुरीमा मिलापत्र गराउन सक्नेछ । " भन्ने शव्दहरुको सट्टामा " न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा(२) अन्तर्गत तथा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम दुवै पक्षको आपसी सहमतिमा मेलमिलाप गराउन सक्नेछ । " भन्ने शव्दहरु राखिएका छन्।

(८) दफा ८९ को खण्ड (क) मा "५ रुपैयाको दरले" भन्ने शव्दहरुको सट्टामा "आर्थिक ऐन बमोजिम" भन्ने शव्दहरु राखिएका छन्।

(९) दफा ८९ को खण्ड (ख) मा "५ रुपैयाको दरले" भन्ने शव्दहरुको सट्टामा "आर्थिक ऐन बमोजिम" भन्ने शव्दहरु राखिएका छन्।

(१०) दफा ८९ को खण्ड (ग) मा "५ रुपैयाको दरले" भन्ने शव्दहरुको सट्टामा "आर्थिक ऐन बमोजिम" भन्ने शव्दहरु राखिएका छन्।

प्रमाणीकरण मितिः २०८२/०३/१९

आज्ञाले,
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत